# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित सूचनाः २०८२।०७।१८ गते)**

प्रस्तुत विषयमा संघ सरकार र स्वीस सरकार बीचको द्विपक्षीय सम्झौता बमोजिम सुरक्षित आप्रवासन (SaMI) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन २०८१ अनुसार यस राजपुर गाउँपालिकाको लागि देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. विज्ञापन नम्बर. ०१।२०८२।०८३

| क्र.सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १. | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ जना (महिला) | ▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्टवा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग/ मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह,स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>वा<br>**SaMi कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा:**<br>● कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०वा सो सरह उत्त २+ीर्ण गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी सो केन्द्रबाट प्रमाणपत्र - प्राप्त गरेको र केन्द्रको तालिम सूचना व्यवस्थापन प्रणालीमा सुचिकृत भएको । |

- ✓ **कार्य अवधिः** हाललाई २०८३ असार मसान्तसम्म र कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ ।
- ✓ **उमेर हदः** दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
- ✓ दरखास्त दस्तुरः रु ५००।
- ✓ **परीक्षाको किसिम :** लिखित, कम्प्युटर प्रयोगात्मक र अन्तरवार्ता)
- ✓ **तलब तथा अन्य सुविधाः** कार्यक्रमको नियमानुसार ।
- ✓ **आवश्यक कागजातहरुः** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिक (महिला) ले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, कम्प्युटर सम्बन्धी **Basic Course** पूरा गरेको प्रमाणपत्रको प्रतिलिपि, अनुभव प्रमाणपत्रको प्रतिलिपि (भएमा) र पासपोर्ट साईजको फोटो ३ प्रति, आफूले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।पेश गरिने प्रमाणपत्र प्रतिलिपिको पछाडि आफैले प्रमाणित गरेको हुनुपर्ने छ ।
- ✓ **छनौट प्रक्रियाः**प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, कम्प्युटर प्रयोगात्मक र अन्तरवार्ता परीक्षामा समावेश गरिने छ ।
- ✓ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ ।
- ✓ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको हुनुपर्ने छ ।
- ✓ नेपाली भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने हुनुपर्ने छ ।
- ✓ दरखास्त दिने अन्तिम मिति : २०८२/०८/०२ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।
- ✓ सम्पर्क मितिः २०८२/०८/०३ गते

प्रमुख प्रशासकीय अधिकृत

रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत